**मिति २०८२।०४।२९ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व. २०८२/०८३ को प्रथम नगर कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं.१** जिल्ला दररेट निर्धारण समिति नवलपरासी (वर्दघाट-सुस्ता पूर्व) बाट आर्थिक वर्ष २०८२/०८३ को लागि निर्धारित दररेटलाई नै गैंडकोट नगरपालिकाको आ.व.२०८२/०८३ को नगर दररेटको रुपमा स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं.२** चालु आ.व. २०८२/८३ मा यस गैंडाकोट नगरपालिकामा बहुक्षेत्रीय पोषण कार्यक्रम संचालनका लागि नगर स्तरीय बहुक्षेत्रिय पोषण तथा खाद्य सुरक्षा निर्देशन समितिबाट सिफारिस भएका वडाहरु र एकीकृत बार्षिक कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं.३** यस नगरपालिका अन्तर्गत भूमिहिन दलित,भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोवासीहरुको लागि जग्गा नापजाँच गर्ने प्रयोजनका लागि फिल्डमा खटिएका कर्मचारीहरुलाई फिल्डमा खटाइएको दिनको प्रमाणित हाजिरीका आधारमा थप सुविधा प्रदान गर्नका लागि तर्जुमा गरिएको "गैंडाकोट नगरपालिका भूमि तथा जग्गा प्रशासन शाखा अन्तर्गत कार्यरत कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधी २०८२" लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.४** यस नगरपालिकाको स्वीकृत दरबन्दी संरचना अनुसार रिक्त रहेको नगर प्रहरी हल्दार (श्रेणी विहिन) - १ जना र दमकल सञ्चालनको लागि समेत प्राथमिकतामा राखी नगर प्रहरी जवान (श्रेणी विहिन) - २ जना थप गरी करार सेवामा भर्ना छनोट प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं.५** गैंडाकोट नगरपालिका भित्र रहेका सार्वजनिक जग्गाहरुमा बनेका र भविष्यमा बन्ने वडा कार्यालय भवन, नगर अस्पताल, आधारभुत स्वास्थ्य ईकाइ लगाएतका भवनहरु र भवन बन्नका लागि आवश्यक जग्गाहरुलाई नेपाल सरकारका नाममा दर्ता गराई उक्त जग्गाहरुको उपभोग गर्ने प्रयोजनका लागि मिति २०८१।०५।१९ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८१/०८२ को दोस्रो नगर कार्यपालिका बैठकबाट भएको निर्णय बमोजिमको क्षेत्रफल सहितको विवरणलाई सम्वन्धित निकायहरुमा कार्यान्वयनका लागि लेखि पठाउने गर्ने निर्णय गरियो।

**निर्णय नं.६** गैंडाकोट नगरपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता संस्था व्यवस्थापन कार्यविधि,२०७९ बमोजिम यस नगरपालिका वडा नं. ३ मा रहेको जगन्नाथ खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई दर्ता गर्ने निर्णय गरियो।

**निर्णय नं. ७** गैंडाकोट नगरपालिकाको हक, हित वा सरोकार निहित रहेको मुद्दामा कुनै अदालत, न्यायिक निकाय वा अधिकारी समक्ष गैंडाकोट नगरपालिकाको तर्फबाट सो मुद्दामा बादी वा प्रतिवादी, पक्ष वा विपक्ष भई फिराद गर्ने वा प्रतिउत्तर चढाउन वा रिट निवेदन चढाउन वा लिखित जवाफ पेश गर्न वा वाद प्रतिवाद रक्षा प्रतिरक्षा गर्ने लगायतका सबै कार्यका लागि प्रतिनिधित्व गर्न यस नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो।

**निर्णय नं. ८** भूमि समस्या समाधान आयोग अन्तर्गत गैंडाकोट नगरपालिका वडा नं. ३ बाट भूमि समस्या समाधान आयोगको अनलाइन प्रणालीमा हालसम्म लगत प्रविस्टीमा पूर्ण भएका निवेदकहरुको पहिचान र प्रमाणीकरणका लागि वडा स्तरीय सहजीकरण र नगरस्तरीय सहजीकरण मार्फत पहिचान भई आएका भूमिहीन दलित-३ जना, भूमिहीन सुकुम्बासी -१८२ जना, तथा अव्यवस्थित बसोबासी -५५६ जना निवेदकहरुलाई पहिचान गरी प्रमाणीत गर्ने निर्णय गरियो

प्रमुख प्रशासकीय अधिकृत | शान्ती कोइराला<br>नगर उप-प्रमुख | मदन भक्त अधिकारी<br>नगर प्रमुख

**निर्णय नं. ९** भूमि समस्या समाधान आयोग अन्तर्गत गैंडाकोट नगरपालिका वडा नं ३ स्थित जगन्नाथ क्षेत्रको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको नापजाँच गर्ने नगर स्तरीय सहजीकरण समितिको मिति २०८१/१२/२२ गतेको निर्णय बमोजिम नापजाँच गरी सूचना प्रकाशन गरेकोमा कुनै उजुर बाजुर नपरेकाले नगरस्तरीय सहजीकरण समिति को २०८२/०४/०७ को निर्णय अनुसार तयार भएका नापनक्सा सहितका सम्पूर्ण कागजातहरु लालपुर्जा प्राप्ति प्रक्रियाका लागि भूमि समस्या समाधान आयोग, जिल्ला समिति नवलपरासी(ब.सु.पू.) पठाउने निर्णय गरियो ।

**निर्णय नं. १०** गैंडाकोट नगरक्षेत्र भित्र भएका क्रसर उद्योगनिर्माण व्यवसायी तथा सप्लायर्सहरूले बालुवा प्रशोधन उद्योग , गत बिगतमा आफुले खरिद गरी स्टक गरि राखीएको नदीजन्य पदार्थ निर्देशक समितिको मिति २०८२/०४/२८ मा बसेको बैठकको निर्णय र निर्देशक समितिका संयोजक श्री प्रकाश सापकोटा र सदस्य सचिव श्री विष्णुराज गौतमको संयुक्त हस्ताक्षर सहितको अनुगमन प्रतिवेदनका आधारमा देहाय बमोजिमको नदिजन्य पदार्थको स्टक प्रमाणित गर्ने निर्णय गरियो ।

| क्र.स. | फर्मको नाम | विवरण | परिमाण | रहेको स्थान | स्रोत |
|---|---|---|---|---|---|
| १ | के.सम्राट माल्टी प्रपोज कम्पनी | ग्राबेल | १२००० घ.मि. | वडा नं. ७ | ब्रिटिश मेम्बर गण्डकी जे.भीबाट खरिद भएको विल |
| २ | रणनीति कन्स्ट्रक्सन प्रा.लि. | ग्राबेल | ३४२०५ घ.मि | वडा नं. ७ | नगरपालिकाबाट लिलामी ठेक्का सम्झौता |
| ३ | मेफान्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ग्राबेल | १९८०० घ.मि | वडा नं. ७ र ९ | आ.वा. २०८०/८१को खोला आय ठेक्का सम्झौता |
| ४ | ब्रिटिस मेम्बर गण्डकी जे.भि | ग्राबेल | १०,००० घ.मि | वडा नं. ७ | आ.वा. २०८०/८१को खोला आय ठेक्का सम्झौता |
| ५ | ब्रिटानिक मौलाकालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स मकवानपुर | ग्राबेल | १,३०,००० घ.मि | वडा नं. ७ | आ.वा. २०८१/८२को खोला आय ठेक्का सम्झौता गरी उत्खनन् गरी स्टक गरेको |

प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख